नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/वैशाख २०६५/२०६६(April 2009) वर्ष १३/अंक १४५

## गूड फ्राइडे र ईस्टरको वास्तविकता

डीकन सिमोन पाठक

एकाइसौं शताब्दी अघि इस्राएलको बेथलेहेममा एकजना यस्तो व्यक्तिको जन्म भएको थियो, जो आज पनि जीवित हुनुहुन्छ-प्रभु येशू खीष्ट । विश्वका इसाईहरूले येशू जन्मनुभएको दिनलाई खीष्टमस, मृत्युको दिनलाई गूड फ्राइडे र मृत्युबाट जीवित भई उठ्नुभएको दिनलाई ईस्टरको रूपमा उत्सव मनाउँछन् । कुनै पनि व्यक्तिको जन्मेको दिनलाई खुशीयालीको रूपमा मनाउनु त स्वाभाविकै हो । तर मृत्युको दिन भने कहिल्यै पनि खुशीको दिन हुन सक्दैन । येशू खीष्टको मृत्युको दिन भने सारा मानवको लागि असल शुक्रबार अर्थात् GOOD FRIDAY बन्न पुगेको छ ।

**असल शुक्रबार (GOOD FRIDAY):**

येशू खीष्टको मृत्युको दिनलाई गूड फ्राइडेको रूपमा मनाइन्छ किनकि उहाँ क्रूसमा टाँगिनुभएर आफ्नो शरीरबाट जुन रगत बगाउनुभयो, त्योचाहिँ संसारका सबै मानिसको पाप धुनको निम्ति पूर्ण बलिदान थियो । यो तथ्यलाई वा येशूको रगतले सबै पापबाट शुद्ध पार्न सक्छ र मृत्युपछि येशूद्वारा स्वर्ग जान सकिन्छ भन्ने कुरा सुन्न र सुनिसकेकाहरूले बुझ्न नसकेका कारणले गर्दानै वर्षौंपिच्छे पशुपंक्षीको रगत आफूले गरेको पाप कटनी होस् भनेर बलीको रूपमा मानिसहरूले चढाउने गर्दछन् । नेपालका मानिसहरूको अन्तर चेतनामा पाप मोचनको लागि रगतको आवश्यकता पर्छ भन्ने कुराको गहिरो छाप लागेको छ । तर रगत बगाउने त्यो थुमा खोई त ? मानिसको पाप धुनलाई रगत बगाइनुपर्छ भन्ने स्पष्टसँग बताइएको छ -
"रगत नबगाइकन पापमोचन हुँदैन" (हिब्रू ९:२२) । "तर साँढेहरू र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ" (हिब्रू १०:४) ।

रगत नबगाइकन पापमोचन हुन नसक्ने हुनाले रगतको आवश्यकता पऱ्यो । तर पशुपंक्षीको रगत पनि होइन, त्यसो भए कसको रगत बगाउने ? मानिस सबै पापी छन् । एउटा पापी मानिसले अर्को पापी मानिसको सट्टामा रगत बगाएर बचाउन सक्दैन । संसारका मानिसको पाप धुनलाई निष्कलंक पवित्र थुमाको आवश्यकता थियो । तर त्यो थुमा यस संसारमा नभएको कारणले एक्काइसौं शताब्दी अघि परमेश्वर पिताले पुत्र येशू खीष्टलाई यस संसारमा पठाइदिने प्रतिज्ञा हजारौं वर्ष अघिदेखि अगमवक्ताहरूद्वारा गर्नुभयो र समयको पूर्णतामा एक्काइसौं शताब्दी अघि येशू यस संसारमा कन्ये मरियमको कोखमा पवित्र आत्माद्वारा गर्भधारण हुनुभयो र बालकको रूपमा यस संसारमा जन्मनुभयो जुन कुरा येशू जन्मनुभन्दा सात सय वर्षअघि यशैया अगमवक्ताले भनेका थिए, "यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ । हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ" (यशैया ७:१४) ।

येशूको जन्म जसरी र जहाँ हुन्छ भनिएको थियो त्यसरीनै र त्यही ठाउँमा भएको थियो । उहाँ साधारण मानिस जस्तै नै हुर्कनुभयो र तीस वर्षको उमेर पुगेपछि उहाँ जुन उद्देश्यको लागि पृथ्वीमा मानिस बनेर आउनुभएको थियो, त्यहीअनुसारनै उहाँले परमेश्वरको राज्यको प्रचार गर्न शुरू गर्नुभयो । दृष्टिविहीनहरूलाई देख्न सक्ने, लङ्गडाहरूलाई हिँड्न सक्ने, बहिराहरूलाई सुन्न सक्ने, भूत लागेकाहरूलाई छुटकारा, रोगले थलिएकाहरूलाई चंगाई र मरेकाहरूलाई जीवित पार्ने काम गर्नुका साथै परमेश्वरको राज्यको विषयमा मानिसहरूलाई शिक्षा, उपदेश दिने काम गर्नुभयो । उहाँको उपदेश र उहाँले गर्नुभएका आश्चर्यकर्मका कामहरू देखेर हजारौं मानिसहरू उहाँको पछि लागेका देख्दा त्यस देशका यहूदी धर्मगुरुहरू भयभीत हुन पुगे र उहाँलाई मार्नलाई रणनीतिहरू रच्न थाले । उहाँलाई राजद्रोहको आरोप लगाएर अदालतमा सुम्पियो । तर अदालतका बडा हाकिम (अधिवक्त) पिलातसले उहाँमा कुनै पनि दोष भेट्टाउन सकेनन् (यूहन्ना १८:३८,१९:६) । तर मानिसहरूको डरको कारण पिलातसले येशूलाई भीडको हातमा नै सुम्पिदिए (यूहन्ना १९:१६) । उहाँलाई मानिसहरूले अनेक किसिमको यातना दिँदै अन्तमा काठको क्रूसमा हात र खुट्टाहरूमा काँटी ठोकेर झुण्ड्याए । उहाँको शरीरबाट रगतका धाराहरू बग्यो जुनचाहिँ बाइबल धर्मशास्त्रमा गरिएको भविष्यवाणी अनुरूप हुनुनै पर्ने थियो । मानवको पाप धुनलाई रगतको आवश्यकता थियो, त्यो रगत येशू खीष्टले कलवरी डाँडाको क्रूसमा बगाइदिनुभयो । हामीले पाउनुपर्ने दण्ड उहाँले भोगिदिनुभएको कारणले गर्दानै येशूको मृत्युको दिनचाहिँ मानव जातिको लागि असल शुक्रबार अर्थात् गूड फ्राइडे बन्न पुगेको हो ।

**येशू मर्नुभएको तेश्रो दिनमा जीवित भई उठ्नुभयो:**

येशूले क्रूसमा मर्नुअगाडि धर्मगुरुहरूलाई जवाफ दिने क्रममा भन्नुभएको थियो-"यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खडा गर्नेछु" (यूहन्ना २:१९) । तर यहूदीहरूले यरूशलेममा चालीस वर्ष लगाएर बनाएको मन्दिरलाई सम्झेका थिए । वास्तवमा येशूले आफ्नै शरीरको विषयमा कुरा गरिराख्नुभएको थियो । उहाँलाई मानिसहरूले मार्नेछन् तर तेश्रो दिनमा फेरि बौरी उठ्नुहुनेछ भन्ने कुरा येशूलाई पहिला नै थाहा थियो । बाइबल धर्मशास्त्रको पुरानो करार र नयाँ करार दुवै खण्डमा येशू मर्नुहुनेछ र फेरि जीवित हुनुहुनेछ भन्ने कुरा उल्लेख गरिएको पाउँदछौं । उहाँले भन्नुभएझैं तेश्रो दिनको बिहानै उहाँ बौरी उठ्नुभयो । त्यस ठाउँमा स्वर्गदूतहरू देखा परेको कारण सिपाहीहरू अलसतलस भएर ढले । येशू, मरियम मग्दलिनी, सिमोन पत्रुस र बाह्रै चेलाहरूकहाँ पटक-पटक गरेर देखा पर्नुभयो (यूहन्ना २०:१-२९, मत्ती २८:९-१०, मर्कूस १६:९-१८, लूका २४:३६-४९) । मृत्युबाट बौरी उठ्नुभएको चालीस दिनसम्म चेलाहरूको बीचमा साथै पाँच सयभन्दा बढी मानिसहरूको बीचमा उहाँ देखा पर्नुभयो र स्वर्ग राज्यको शिक्षा मानिसहरूलाई दिनुभयो र चालीसौं दिनमा यरूशलेमको नजीकैको जैतून भन्ने डाँडामा मानिसहरूको भीडलाई उपदेश दिँदा दिँदै येशू स्वर्गतर्फ उचालिनुभयो । येशू स्वर्गतर्फ जानुभएको दृष्यलाई ट्वाल्ल परेर हेरिरहने गालीलका मानिसहरूकहाँ दुई स्वर्गदूतहरू देखा परेर भन्न लागे "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै येशू फेरि यस संसारमा उहाँमा विश्वास गर्नेहरूलाई लिन आउनुहुनेछ र त्यो दिन संसारको अन्त्य हुनेछ भनेर एक्काइसौं शताब्दी अगाडि बाइबलमा गरिएको भविष्यवाणी एकदिन पूरा हुनेनै छ तर त्यो आउनुअघि संसारका सबै मानिसले येशू खीष्टले मानव जातिको लागि मर्नुभएको महान बलिदानको शुभखबर सबै मानिसहरूले सुनेको हुनुपर्दछ । त्यही कारणनै संसारभरिका खीष्टियानहरूले येशूको जन्म, मृत्यु र उहाँ जीवित हुनुभएको सन्देश "सित्तैंमा पायौ र सित्तैंमा देऊ" भन्ने

येशूको आज्ञाअनुसार गरिराखेका छन् । यो धर्म प्रचार नभएर जीवनको प्रचार हो ।

येशू ख्रीष्टको पुनरूत्थानको विषयलाई लिएर कति मानिसहरू तर्क वितर्क गर्ने गर्दछन् । तर बाइबलमा येशूको मृत्यु र बौरी उठाइको सम्बन्धमा प्रशस्त प्रमाणहरू छन्- सिपाहीहरूले येशूको कोखामा भालाले घोचे र तुरून्तै रगत र पानी निस्क्यो र उनीहरूले उहाँको मृत्यु अघिनै भइसकेको प्रमाणित गरे (यूहन्ना १९:३३-३७) । चेलाहरूले येशूको चिहानमा सूती कपडाहरू पडिरहेको भेट्टाए (यूहन्ना २०:५-७) । येशू बौरी उठ्नुभएपछि चेलाहरूले आफ्नो हातले नै उहाँको शरीरलाई छोएका थिए (यूहन्ना २०:२०, लूका २४:२९) । येशू बौरी उठ्नुभएको आफ्नै आँखाले देखेको कारणनै चेलाहरू साहसका साथ येशूको नाउँमा प्रचार गर्न निस्के (प्रेरित ४:१०) । विशेष गरी तीनवटा कुराहरूले येशूको बौरी उठाइलाई प्रमाणित गर्दछ ।

क. **आँखाको साक्षी:** मर्कूस १६:९, १२-१३, यूहन्ना २०:११-१८, लूका २४:३०-३५)

ख. **रित्तो चिहान:** मर्कूस १५:४०-१६, १८, लूका २४ अध्याय र यूहन्ना १९, २१ अध्यायहरू

ग. **मण्डलीको जन्म:** प्रेरित २:३७-४७, १७:६ ।

सबै कुराहरूको निचोडचाहिँ यहीनै हो, येशूले विजय प्राप्त गर्नुभएको छ । येशू क्रूसमा मारिनुभएको तेस्रो दिन मरेकोबाट फेरि जीवित हुनुभएको स्मरण गर्दै विश्वभरिका ख्रीष्टियानहरूले मनाउने महान पर्व नै ईस्टर हो । ईस्टरले मानव जातिलाई दिने संदेश पनि मृत्युमाथि विजय प्राप्त गरेर प्रत्येक मानिसले येशू ख्रीष्टमा अनन्त जीवन प्राप्त गर्न सक्छन् भन्ने नै हो । येशूले भन्नुभयो, "पुनरूत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ" (यूहन्ना ११:२५) । येशूको जन्म, मृत्यु र बौरी उठाइको सम्बन्धमा हजारौं वर्ष अघिदेखि गरिएको भविष्यवाणी आजभन्दा दुई हजार वर्ष अगाडि एउटा पनि बिन्दु तल माथि नभई सबैकुरा येशूमा पूरा भएजस्तै येशू फेरि एकदिन उहाँमा विश्वास गर्नेहरूलाई बादलको सवारीमा लिन आउनहुनेछ भन्ने भविष्यवाणी पनि सत् प्रतिशत पूरा हुनेछ । येशूको दास्रो आगमन र संसारको अन्त्य हुनेछ भन्ने बाइबलको भविष्यवाणीलाई प्रश्न गर्ने कुनै ठाउँनै छैन तर आज प्रश्नचाहिँ यो छ, के तपाईं मृत्युबाट बौरी उठ्नुभएको प्रभु येशूसँगै मृत्युपछि स्वर्ग जानलाई तयार हुनुहुन्छ ? गूड फ्राइडे र ईस्टरले ल्याएको रमाहटमा रमाउन सक्नुभइराखेको छ ? उहाँ आउनुहुँदा तपाईंका आँखाबाट उहाँलाई स्वागत गर्दै हर्षका आँसु बग्नेछन् या त विछोडमा परेर बिलौनाका आँसु खस्नेछन् ? सोच्ने र निर्णय गर्ने समय अहिलेनै हो ।

सारा संसारको मानव जातिको उद्धारको निम्ति क्रूसमा मर्नुभएको ख्रीष्ट येशू प्रभुको पुनरूत्थान **(Easter)** साथै **नव वर्ष २०६६** सालको सुखद अवसरमा देशभित्र र बाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

## जानकारी

१. चैत्र १ गते/मार्च १४ ता. शनिबार नेइम नगरकोट मण्डलीको ९ जना विश्वासीहरू साथै नेइम सिर्जनानगर मण्डलीको ३ जना विश्वासीहरू गरी जम्मा १२ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

२. चैत्र १६ गते, मार्च २९ ता. आइतबार नेइम ललितपुरमा नेइम बाल संगतिका शिक्षक/शिक्षिकाहरूको संयुक्त भेटघाट कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा एल्डर बी.बी. खवासले प्रभुको वचनबाट बाँड्नुभएको थियो । करीब १०० जना शिक्षक/शिक्षिकाहरूले उक्त कार्यक्रममा भाग लिएका थिए ।

३. जेष्ठ ४-६ गते २०६६/मे १८-२० ता. २००९ सोमबारदेखि बुधबारसम्म अगापे मिशन सम्मेलन साथै जेष्ठ ७-८ गते २०६६/मे २१-२२ ता. बिहीबार-शुक्रबार शाखा/आबद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूको निम्ति नेतृत्व विकाश तालिम ज्ञानेश्वर मण्डलीमा हुनेभएकोले सो सम्मेलन र तालिममा सहभागी हुनेहरू, उहाँहरूको यात्रा, सिकाउनुहुनेहरू साथै सबै व्यवस्था मिलाउनुहुनेहरूको निम्ति प्रार्थना गरिदिऔं । सो समयमा बन्द, हडताल नभएको होस् ।

## प्रार्थनाको निम्ति अनुरोध

चैत्र २९ गते ०६५/अप्रिल ११ ता. ०९ शनिबार ज्ञानेश्वर मण्डली भवनमा संयुक्त आराधना सेवा हुनेछ । आराधना सेवाको समयमा उपत्यकाका एघारवटा (ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, गुर्जुधारा, रानीपौवा) का ठाउँमा भइराखेका आराधना सेवाहरूमा मण्डलीलाई गोठालोको सेवा गर्नको निम्ति **पाष्टरहरूको अभिषेक** गरिने भएको छ । मण्डली परिवारले सो दिनको लागि विशेष प्रार्थना गरिदिनुहुन अनुरोध छ ।

## जानकारी

प्रत्येक नेपाली महिनाको पहिलो शनिबार जोरपाटी मण्डलीको निम्ति जग्गा किन्नको लागि **विशेष भेटी** उठाइनेछ साथै अरू समयहरूमा पनि मण्डली अफिसमा आएर पनि भेटी दिन सक्नुहुनेछ ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर र रानीपौवा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर |
| | | महिनामा दुईपल्ट | जोरपाटी, गोगबूँ |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:१५ बजे | नयाँ बानेश्वर |
| | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरुको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चैत्र २९ गते, अप्रिल ११ ता. | पाष्टर रोबर्ट कार्थक | | | | | संयुक्त आराधना सेवा ज्ञानेश्वर चर्च | | | | | |
| वैशाख ५ गते, अप्रिल १८ ता. | डीकन सिमोन पाठक | श्री कर्टिस वङ्ग श्रीमती जेनी कोलिन | पाष्टर रोबर्ट कार्थक | एल्डर महेश थाँजु | एल्डर दफ्तन सादा | डीकन पूर्ण सुनुवार | संयुक्त सेवा जोरपाटी चर्च | श्री सुरेश पुरकोटी | संयुक्त सेवा जोरपाटी चर्च | डीकन जनकलाल श्रेष्ठ | श्री आमोस तामाङ्ग |
| वैशाख १२ गते, अप्रिल २५ ता. | एल्डर महेश थाँजु | पाष्टर रोबर्टकार्थक श्री छयोगेन रोंगोंग | एल्डर प्रेम श्रेष्ठ | डीकन छोदेन कार्थक | डीकनेस् श्रीलक्ष्मी सैंजु | एल्डर अशोक मुखिया | डीकन दानिएल सापकोटा | एल्डर सामुएल कार्थक | डीकन जमान तामाङ्ग | श्रीमती सारा खालिङ | श्री पूर्ण पाखीन |
| वैशाख १९ गते, मे २ ता. | पाष्टर रोबर्ट कार्थक | एल्डर राजेन्द्र रोंगोंग | एल्डर एस. सोदेम्बा | एल्डर के.बी. तामाङ्ग | श्री सिमोन भण्डारी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | एल्डर प्रेम श्रेष्ठ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | सुश्री भीममाया तामाङ्ग | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |

## हार्दिक बधाई

**श्री रोशन सुनुवार**
**र**
**सुश्री आशा सुनुवार**

फागुन २९ गते/मार्च १२ ता. बिहीबार सालोम चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## बधाई

नेइम ललितपुर मण्डलीकी सदस्य श्रीमती **रिबिका सिन्हा**लाई महिला तथा बाल बालि- काको क्षेत्रमा समाज र देशलाई समेत सहयोग पुग्ने काम गर्नुभए बापत् संयुक्त राष्ट्र महिला संघ, नेपालले सम्मान गर्दै अन्तर्राष्ट्रिय दिवसको अवसरमा कदर-पत्र र र कम प्रदान गरेको छ । प्राप्त रू. ३०,०००/- रूपैया महिला तथा बाल बालिकाको हितमा नै खर्चने योजना छ । श्रीमती रिबिका सिन्हा हाल ललितपुर नर्सिङ्ग क्याम्पसका प्रमुख हुनुहुन्छ । यसका निमित्त नेइम ज्ञानेश्वर मण्डलीका परमेश्वरलाई धन्यवाद चढाउनुका साथै श्रीमती **रिबिका सिन्हा**लाई बधाई टक्र्याउँदछ ।

## प्रार्थनाका विषयहरू

१. गूड फ्राइडे र ईस्टरको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

२. देशको सबै क्षेत्रको निको हुवाईको लागि प्रार्थना गरिदिऔं ।

३. अब तयार हुन लागेको संविधान देशका सबै मानिसहरूको हित हुने ठीक संविधान बनिन सकेको होस् भनी प्रार्थना गरौं ।

४. एस.एल.सी. परीक्षा दिएर बसेकाहरूको लागि साथै स्कूल तथा उच्चशिक्षा अध्ययनरत सबै विद्यार्थीहरूको लागि प्रार्थना गरिदिऔं ।

५. मिशनेरी भएर विभिन्न देशमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति झुण्डको लागि प्रार्थना गरिदिऔं साथै देश विदेशमा पढाई, रोजगारको लागि जानुभएकाहरू कुनै न कुनै संगतिमा रहन सकून् ।

## जानकारी

मेरीगुरु आमा स्मृति प्रतिस्थान (बेथानी आश्रम) मा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती **प्रशान्ति तामाङ्ग** ७५ वर्षको उमेरमा चैत्र १७ गते/मार्च ३० ता. सोमबार बेलुकी प्रभुमा सुत्नुभयो ।

## अप्रिल महिनाको कार्यक्रम

☞ चैत्र २८ गते/अप्रिल १० ता. शुक्रबार **गूड फ्राइडे सेवा** आ-आफ्नै मण्डलीमा बेलुकी ५:३० बजे

☞ चैत्र २९ गते/अप्रिल ११ ता. शनिबार **संयुक्त आराधना सेवा (पाष्टर अभिषेक)** ज्ञानेश्वर मण्डलीमा बिहान १०:३० बजे

☞ चैत्र ३० गते/अप्रिल १२ ता. आइतबार **ईस्टर (सूर्योदय) सेवा** आ-आफ्नै मण्डलीमा बिहान ६:०० बजे

☞ वैशाख १ गते/अप्रिल १४ ता. मंगलबार **नव वर्षको प्रार्थना** साथै **पारिवारिक संगति** आ-आफ्नै मण्डलीमा बिहान १०:०० बजे

☞ वैशाख ११ गते/अप्रिल २४ ता. शुक्रबार **पुरूष प्रार्थना** आ-आफ्नै मण्डलीमा बिहान ८:००-१०:०० बजे

☞ वैशाख ११ गते/अप्रिल २४ ता. शुक्रबार **संयुक्त महिला संगति** ज्ञानेश्वर मण्डलीमा बिहान १०:०० बजे

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२३** **5**<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाईको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्नेहरू हुन सकून् ।<br>जकरिया ३:७ | **३०** **12**<br>खीष्ट येशूलाई विश्वास गर्ने सबैले पुनरूत्थान-विजयको जीवन जिउन सकून् ।<br>रोमी ६:१-१४ | **६** **19**<br>नेपाल देशमा रहेका सम्पूर्ण साना ठूला मण्डलीहरू साक्षीको जीवन जिउन र प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:१-२ | **१३** **26**<br>मण्डलीलाई अगुवाई गरिरहनुभएकाहरू एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ |
| **सोमबार MONDAY** | **२४** **6**<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू साथै अरू समय र ठाउँहरूमा पनि प्रार्थना सभाहरू साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>मत्ती १८:१९-२० | **३१** **13**<br>भोलि हुने महिला उपवास प्रार्थना सभाहरूमा चढाएका प्रार्थनाद्वारा मण्डलीमा अझ धेरै आशिष् आउन सकून् ।<br>यशैया ५५:६-१३ | **७** **20**<br>विश्वव्यापी मण्डलीमा रहेकाहरूले परमेश्वरलाई आत्मा अनि सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४ | **१४** **27**<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>यूहन्ना १७:४ |
| **मंगलबार TUESDAY** | **२५** **7**<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित र अरूको निम्ति आशिष्को कारण बन्न सकून् ।<br>२ कोरिन्थी ६:३-१० | **१ वैशाख (२०६६)** **14**<br>आज हुने नव वर्षको प्रार्थना साथै पारिवारिक संगतिको लागि विशेष आशिष् मागिदिऔं ।<br>मीका ४:५ | **८** **21**<br>पढेको सुनेको परमेश्वरको वचनमा आज्ञाकारी हुँदै अझै परिपक्वतामा बढेर जान सकौं ।<br>याकूब १:२२-२५ | **१५** **28**<br>मण्डलीका प्रत्येक सदस्यहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस् ।<br>रोमी १४:१९ |
| **बुधबार WEDNESDAY** | **२६** **8**<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग, सहायता र उत्साह दिँदै एक आपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>हिब्रू १०:२४-२५ | **२** **15**<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटीहरू चढाउने काममा सधैं इमान्दारी भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-११ | **९** **22**<br>सबै खीष्टिय संघ संस्थाहरूको सेवकाई र सेवक/सेविकाहरूको लागि आशिष् मागिदिऔं ।<br>प्रेरित २०:२४ | **१६** **29**<br>मण्डलीका सबै विश्वासीहरू आफ्नो धन-सम्पत्तिद्वारा पनि परमेश्वरलाई सधैं आदर, इज्जत दिइरहन सकून् ।<br>हितोपदेश ३:९-१० |
| **बिहीबार THURSDAY** | **२७** **9**<br>सबै इसाईहरूले क्रूसको प्रेमको अर्थ बुझेर उहाँको निम्ति जिउनेहरू हामी सबै हुन सकौं ।<br>२ कोरिन्थी ५:१४-१५ | **३** **16**<br>मण्डलीका सबै बाबु-आमाहरू अझ परमेश्वर पितालाई प्रेम गर्दै परिवारलाई प्रभुमा डोऱ्याउनेहरू हुन सकून् ।<br>भजनसंग्रह १२८:१-६ | **१०** **23**<br>मण्डलीका सबै जवानहरुको विवाह, शिक्षा, काम-व्यवसाय र आत्मिकी जीवनको सबै क्षेत्रमा आशिष् मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | **१७** **30**<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा जस्ता सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>यशैया ६१:८-९ |
| **शुक्रबार FRIDAY** | **२८** **10**<br>भोलि हुने संयुक्त आराधना सेवा साथै पाष्टर अभिषेकको लागि विशेष आशिष मागिदिऔं ।<br>२ कोरिन्थी १:२१, | **४** **17**<br>भोलि नेपाल देशभरिको आराधना सेवाहरूमा पवित्र आत्मा परमेश्वरबाटको गहिरो काम मण्डलीको जीवनमा मागौं ।<br>इजकिएल ३६:२६-२८ | **११** **24**<br>भोलि नेपालभरि हुने सेवामा परमेश्वरको जीवित उपस्थिति हरेकले थाहा गर्न सकून् र उहाँको नाउँ महिमित भएको होस् ।<br>हितोपदेश ८:३४-३५ | **१८** **May 1**<br>आराधना सेवामा सेवा संचालन, वचन प्रचार, स्तुति प्रशंसा अगुवाई गर्ने सबैको लागि पवित्र आत्माको अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ |
| **शनिबार SATURDAY** | **२९** **11**<br>आज हुने आराधना सेवाबाट परमेश्वर लाई महिमा होस् । यसैले प्रचार, स्तुति, अभिषेक र वचन प्रचारमा विशेष आशिष् मागिदिऔं ।<br>२ कोरिन्थी ३:४-६ | **५** **18**<br>खीष्ट येशू प्रभुलाई विश्वास गरी पानीको बप्तिस्मा लिनुभएकाहरू आखिरी समयसम्म विश्वासमा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>मत्ती २४:१३ | **१२** **25**<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>२ तिमोथी ३:११-१४ | **१९** **2**<br>बेरोजगारमा रहेकाहरूलाई प्रभुले काम जुटाइदेऊन् र आ-आफ्नो काममा विश्वासयोग्य पनि रहन सकून् ।<br>उत्पत्ति २२:१४ |

*खीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एकजना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।*

२ कोरिन्थी ५:१४-१५

प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nepalisaimandali.org